श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३० सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### खाद्य ऐन, २०२३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– खाद्य ऐन, २०२३ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "खाद्य (पहिलो संशोधन) ऐन, २०३०" रहेको छ ।

(२) यो ऐन मूल ऐन लागू भइसकेको क्षेत्रमा तुरुन्त प्रारम्भ हुनेछ र मूल ऐन लागू नभएको क्षेत्रमा मूल ऐन लागू भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ४ पछि थपः– मूल ऐनको दफा ४ पछि देहायको दफा ४ क. र ४ ख. थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१६

४क. खाद्य पदार्थ रोक्का राख्न सकिने:– (१) कुनै खाद्य पदार्थ दूषित हो भन्ने शंका लागेमा तोकिएको अधिकारीले त्यस्तो खाद्य पदार्थ सिलबन्दी गरी सो खाद्य पदार्थको धनीलाई नै जिम्मा लगाई त्यस्को भर्पाई लिई रोक्का राख्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम रोक्का रहेको खाद्य पदार्थ दूषित हो भन्ने कुराको निर्णय अन्तिम रूपमा भइसकेपछि दोषको मात्रा, दोषको प्रकृति र त्यसबाट हुन सक्ने हानिको विचार गरी तोकिएको अधिकारीको आदेशले सो खाद्य पदार्थ श्री ५ को सरकार लाग्न सक्नेछ ।

४ख. अनुज्ञापत्र लिनु पर्ने:– (१) तोकिएको खाद्य पदार्थको उत्पादन, बिक्री, वितरण, सञ्चय वा प्रशोधन गर्न चाहने व्यक्तिले तोकिएबमोजिम अनुज्ञापत्र लिनु पर्नेछ ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सिलबन्दी भएका खाद्य पदार्थहरूको हकमा अनुज्ञापत्र प्राप्त उत्पादक वा थोक बिक्रेताबाट तोकिएबमोजिम जमानतपत्र प्राप्त खुद्रा बिक्रेताले यस दफाबमोजिमको अनुज्ञापत्र लिनु पर्ने छैन ।

३. मूल ऐनको दफा ५ मा संशोधन:– मूल ऐनको दफा ५ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छ:–

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पसल थाप्ने वा पसल नथापी घुमी दूध, दही बिक्री गर्ने व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेशको उलङ्घन गरेमा निजलाई पहिलो पटक पचास रुपैयाँसम्म जरिवाना, दोश्रो पटक पचास रुपैयाँदेखि दुइसयसम्म जरिवाना वा तीन महीनासम्म कैद वा दुबै र तेश्रो पटकदेखि प्रत्येक पटक दुइसय रुपैयाँदेखि पाँचसय रुपैयाँसम्म जरिवाना वा ६ महीनासम्म कैद वा दुबै हुन सक्नेछ ।

४. मूल ऐनको दफा १३ मा संशोधन:– मूल ऐनको दफा १३ को उप-दफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ:–

(क) खाद्य अनुसन्धान शाखा, त्यसको कार्यविधि र अनुसन्धान शाखाको विशेषज्ञ वा अधिकारीको योग्यताको सम्बन्धमा ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मिति– २०३०।१२।११।१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।